म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६६ आइतबार, १३ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 26 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिक्षक संगठन मकवानपुरको अध्यक्षमा न्यौपाने

हेटौंडा, १२ माघ/नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको अध्यक्षमा मुकुन्द न्यौपाने निर्विरोध चयन भएका छन् । संगठनको हेटौंडामा सम्पन्न १४ औं जिल्ला अधिवेशनले न्यौपानेको अध्यक्षतामा ३१ सदस्यीय कार्यसमिति निर्माण गरेको हो । अधिवेशनले उपाध्यक्षमा रुपचन्द्र गोपाली र चन्द्रादेवी लामा चयन गरेको छ । सचिवमा गोपीरमण प्याकुरेल निर्वाचित भएका छन् । संगठनको कोषाध्यक्षमा भावना सापकोटा निर्विरोध भएका छन् । अधिवेशनले सह-सचिवमा सविता लामिछाने र सह-कोषाध्यक्षमा दीपेश लामा चयन भएका छन् । सदस्यमा सविता तिमल्सिना, भरत पोखरेल, सरोज फुँयाल, इश्वर आले, रत्नबहादुर स्याङ्तान, गीता पौडेल, लालुमाया रुम्बा, सावित्री अधिकारी, अमृता भट्ट, अनिलकुमार यादव, रामशरण दाहाल, गीताकुमारी न्यौपाने, हरिहर खनाललगायत चयन भएका छन् ।

# मयुरधाप औद्योगिक क्षेत्र तुहाउन खोजेको आरोप

साझाकुरा संवाददाता




हेटौंडा, १२ माघ/ हेटौंडामा दोस्रो औद्योगिक क्षेत्र सञ्चालनको सम्भावना टर्दै गएको छ । औद्योगिक नगरीको परिचय बनाएको हेटौंडामा मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय ९ वर्षअघि नै भएको थियो ।

सरकारले ९ वर्ष अघि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय गरेपनि त्यो जग्गामा तारबार लगाउने भन्दा दोस्रो काम हुन सकेको छैन । केपी शर्मा ओलीको अध्यक्षातामा रहेको मन्त्रिपरिषद्ले १ चैत २०७२ मा स्थापना गरेको मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन तथा वातावरण मन्त्रालयमै अड्किएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा जग्गा आउँदा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र परेपछि मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढ्न सकेको थिएन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना उपयुक्त नरहेको राय विगतमै पेश गरिसकेको छ ।

वन तथा वातावरण मन्त्रालयकै कारण मयुरधाप औद्योगिक क्षेत्र तुहाउन खोजिएको आरोप लागेको छ । मकवानपुरको क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य तथा नेकपा एमालेका मुख्यसचेतक महेशकुमार बर्तौलाले वन मन्त्रालयका सचिवले मयुरधाप औद्योगिक क्षेत्र तुहाउन खोजेको आरोप लगाएका छन् । शनिवार जिल्लाका पत्रकारसँग अन्तरक्रिया गर्दै बर्तौलाले सरकारको निर्णय र प्रतिनिधिसभाले अनुमोदन गरेको योजनाको विषयमा सचिवले प्रश्न उठाउन मिल्छ ? भन्दै प्रश्न गरे ।

मयुधारपको औद्योगिक क्षेत्रलाई वन र निकुञ्जको कारण देखाएर सचिवले रोक्न खोजेको उनले बताए । 'मन्त्रालयको सचिवले हेटौंडामा हेटौंडा औद्योगिक क्षेत्र हुँदाहुँदै मयुरधाप औद्योगिक क्षेत्र किन चाहियो ?, मध्यवर्तीमा औद्योगिक क्षेत्र किन ? भनेर भन्न मिल्छ ? पाटन र बालाजु औद्योगिक क्षेत्रको उद्योग यहाँ सार्न सकिन्थ्यो । रोजगारीको सृजना हुनुका साथै राज्यको अर्थतन्त्रमा टेवा पुग्थ्यो' बर्तौलाले भने । मयुरधाप औद्योगिक क्षेत्रको योजना तुहाउने रणनीति अनुसार वनका सचिवले सूचना जारी गरेको उनको भनाई छ ।

औद्योगिक क्षेत्रका पुन: सम्भाव्यता अध्ययन गर्नुपर्ने भन्दै गत पुस ९ मा सचिवस्तरको निर्णयसहित सार्वजनिक सूचना जारी हुनुले देशको सिस्टममा ब्यूरोक्रेसीको दबदबालाई स्पष्ट पारेको उनले बताए । मध्यवर्तीको नाममा लगातारको असहयोग सह्य नहुने उनले बताए । मयुरधाप औद्योगिक क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती (बफर जोन स्टेट) भित्र पर्छ । निकुञ्ज, निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको रायसुझावमा औद्योगिक क्षेत्रको वातावरणी प्रभाव मूल्यांकन (ईआइए) वन तथा वातावरण मन्त्रालयमै थन्किएको हो । १२ माघ २०७७ मा वातावरणीय प्रभाव मूल्यांकनका लागि क्षेत्र निर्धारण र कार्यसूचि वन मन्त्रालयले स्वीकृत गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखमा देखिएको छ ।

कार्यालयले २८ असार २०७८ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ईआइए पेश गरेको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको व्यवस्थापन कार्यालय हेटौंडाले जानकारी दिएको छ । वन तथा वातावरण मन्त्रालयले पछिल्लो पटक १३ वैशाख २०७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय, सुझाव अनुसार ईआइए प्रतिवेदन पेशगर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पत्राचार गरेको थियो ।

५ वर्षदेखि ईआईए प्रतिवेदन मन्त्रालय तथा विभागबीच नै घुमिरहेको छ । हेटौंडा उपमहानगरपालिका-१४, मयुरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटिडेले संरक्षणका लागि तार बार लगाएको जग्गा नै ५ वर्षदेखि लिमिटेडको नाममा छैन । ५ वर्षअघि नै जग्गा लिमिटेडको नामबाट बदर गर्ने निर्णय गरी त्यसको एक वर्षपछि वनक्षेत्र कायम गरिएको पाइएको छ ।

१४ असार २०७३ मै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाणपुर्जा र कित्ताकाट श्रेस्ताअनुसार १९९ विगाहा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम भएको थियो । सोही जग्गा लिमिटेडको नाममा हक हस्तान्तरण भइसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २१ जेठ २०७५ मा जग्गाधनी प्रमाणपुर्जा खारेज गरेर भोगाधिकार मात्र कायम गर्न राय दिएको हो ।

९ माघ २०७७ मा लिमिटेडको नाममा रहेको जग्गादर्ता बदर गरी नेपाल सरकार वनक्षेत्र कायम गरिएको व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखबाट खुलेको छ । १६ चैत २०७८ मा निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले ईआइए प्रतिवेदनमा उल्लेख भएको 'मिटिगेशन मेजर'लाई कारण देखाएर यहाँ औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त नहुने भन्दै वन मन्त्रालयमा राय पेश गरेको कार्यालयको अभिलेखमा उल्लेख छ ।

काठमाडौंबाट सर्ने उद्योगलाई तत्कालीन सरकारले १० वर्षका लागि नि:शुल्क जग्गासमेत उपलब्ध गराउने बजेट भाषणमार्फत् घोषणा गरेको थियो । तर, न आद्योगिक क्षेत्र बन्यो न बजेट कार्यान्वयन नै भयो । मयुरधाप औद्योगिक क्षेत्रले २०० बिघा जमिन चर्चेको छ । ६२ वटा प्लट रहने यसको लागत ७ अर्ब २ करोड रुपैयाँ अनुमान गरिएको थियो । परियोजनाको डीपीआर बनेर ईआइए स्वीकृत हुन बाँकी छ ।

औद्योगिक क्षेत्र स्थापनापछि १० हजारले प्रत्यक्ष, अप्रत्क्ष रोजगार पाउने विश्वास गरिएको वर्षौंदेखि अलपत्र मयुरधाप औद्योगिक निर्माणको गाँठो फुक्ने संकेत अझै देखिँदैन । हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले मयुरधाप औद्योगिक क्षेत्र स्थापना भए नगरको रोजगारीको समस्या हल हुने बताउँछन् । मयुरधाप औद्योगिक क्षेत्रमा त्यतिबेलै रङ, दुग्ध उत्पादन, साबुन, खाद्य, प्लास्टिक, स्टिल, रबर, तार, डिष्टिलरी, पाइप, काष्ठ सामान, कपडा, सिमेन्ट, इलेक्ट्रोमेकानिकल कार्यशाला, छाला उद्योगजस्ता उद्योग प्रस्ताव गरिएको कार्यालयले जनाएको छ ।

# हेटौंडामा आजबाट राष्ट्रिय बुद्धिचाल प्रतियोगिता




साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडामा २५ औं राष्ट्रिय बुद्धिचाल प्रतियोगिता-२०८१ हुने भएको छ । शनिबार नेपाल बुद्धिचाल महासंघले पत्रकार सम्मेलन गर्दै आइतबारबाट सुरु हुने २५ औं राष्ट्रिय बुद्धिचाल प्रतियोगिता तथा १० औं महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताबारे जानकारी गराएको छ ।

महासंघका अध्यक्ष हीराकाजी महर्जनको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा महासचिव धरमबहादुर लामाले प्रतियोगिताको तयारी पूरा भएको र आइतबार प्रस्तिपर्धा सुरु गरिने बताए । हामीले खेलाडी छनोट गरिसक्यौं, भोलिबाट राउण्ड रोबिन चरणमा खेल खेलाइनेछ, महासचिव लामाले भने ।

अघिल्लो वर्षका विजेताहरु र राष्ट्रिय 'बी' छनोटबाट भएका पुरुषतर्फ १२ जना र महिलातर्फ १२ जना खेलाडीले प्रतिस्पर्धा गर्ने उनले बताए । एघार चरणमा खेलाइने खेल १९ गतेसम्म सञ्चालन हुने महासचिव लामाले बताए । 'निर्णायक, खेलाडी तथा अफिसियल हेटौंडा आइसक्नुभयो, आवास र खानाको व्यवस्था आयोजकले गरेको छ, प्रतियोगितामा करिब २४ लाख ५० हजार खर्च हुने अनुमान छ,' महासचिव लामाले भने ।

प्रतियोगितामा विजेताले श्रीलंकामा मार्च १० गतेदेखि हुने एसियन जोनल गेमका लागि सहभागिता पाउनुका साथै एयर टिकट समेत प्राप्त गर्ने आयोजकले जनाएको छ । दोस्रो र तेस्रो हुने खेलाडीले भने क्रमश: १५ हजार र १० हजार नगद प्राप्त गर्नेछन् ।

२४ औं राष्ट्रिय स्वर्णपदक झापाका राजन सुवेदी र ९ औं राष्ट्रिय स्वर्णपदक काठमाडौंकी सिन्दिरा जोशीले हात पारेका थिए । पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष महर्जन, महासचिव लामा, प्रदेश खेलकुद परिषद् सदस्य संगीत श्रेष्ठ, मकवानपुर जिल्ला बुद्धिचाल संघका सचिव किसन घिसिङलगायतको सहभागिता रहेको थियो ।

# बार एसोसिएसन मकवानपुरमा नयाँ नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ कानुन व्यवसायी (अधिवक्ता)हरुको संस्था जिल्ला बार एसोसिएसन मकवानपुरमा नयाँ कार्यसमिति चयन भएको छ । शनिवार भएको निर्वाचन प्रक्रियाबाट अध्यक्षमा उत्तमकुमार बस्नेत चयन भएका छन् ।

उपाध्यक्षमा शान्तिमाया मुक्तान, सचिवमा रमिता चौलागाईं र सहसचिवमा एलिना राउत सर्वसम्मत भए । कोषाध्यक्ष पदमा अधिवक्ता रामशरण लामिछाने निर्वाचित भएका छन् ।

सदस्यमा भोगेन्द्र लुइटेल, पंकज अधिकारी, वीरेन्द्रप्रसाद ढुंगाना, देवप्रसाद ढकाल, लक्ष्मी शर्मा र गीता सुवेदी सर्वसम्मत चयन भएका छन् । बार एसोसिएसनको केन्द्रीय पार्षदका लागि अज्मीर केसी र ऋषि केबी पनि सर्वसम्मत रुपमा चयन भएको जनाइएको छ ।

# सहिद दिवसको अवसरमा सरसफाई कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडा उपमहानगरपालिका-११ स्थित सहिद स्मारक परिसरमा सरसफाई आयोजना गरिएको छ । सहिद स्मारक विकास समितिद्वारा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत तेस्रो दिन शनिबार बिहान विशेष सरसफाई कार्यक्रमको आयोजना गरेको समितिका सचिव रघुनाथ खुलालले जानकारी दिए ।

सरसफाइ कार्यक्रममा एमाले बागमती प्रदेश कमिटी सदस्य गोपालबहादुर श्रेष्ठ, हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष नरेन्द्र भण्डारी लगायतको उपस्थिति रहेको थियो । समितिले सप्ताहव्यापी कार्यक्रम अन्तर्गत माघ १३ गते बिहान साढे ७ बजे नेपाल रेडक्रस सोसाइटी हेटौंडा-११ शाखाको व्यवस्थापनमा रक्तदान कार्यक्रम, माघ १४ गते बिहान साढे ७ गते लखन वाटीका व्यवस्थापन समितिको व्यवस्थापनमा प्रथम सहिद लखन थापा वाटीका हेटौंडा-१२ मा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गर्ने सचिव खुलालले बताए ।

यस्तै, माघ १५ गते मदन भण्डारी फाउण्डेशनको व्यवस्थापनमा 'लोकतन्त्र प्राप्तिका लागि राजनीतिक दलको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिताको आयोजना, नगरस्तरीय बालक्लब सहभागी र शिक्षक दौड प्रतियोगिता, शिक्षक संगठनको व्यवस्थापनमा महिला शिक्षकको स्लो स्कुटर प्रतियोगिता र बागमती प्रदेश सरकारको समन्वयमा माघ १६ गते बिहान साढे ७ बजे प्रभातफेरी, सहिदप्रति सलामी (नेपाल प्रहरी, नेपाली सेना), पुष्पार्पण श्रद्धान्जलीसभा र सम्मान कार्यक्रमको आयोजना गरी सप्ताहव्यापी कार्यक्रमको समापन गरिने सचिव खुलालले बताए ।

समितिले माघ १० गते राष्ट्रिय झण्डा झण्डोत्तोलन गरी सप्ताहव्यापी कार्यक्रमको शुभारम्भ गरेको थियो भने माघ ११ गते शुक्रबार पत्रकार भेटघाट तथा बधाई कार्यक्रमको आयोजना गरेको थियो । समितिले हरेक वर्ष माघ १० गतेदेखि १६ गतेसम्म सहिदको सम्झनामा विविध कार्यक्रमको आयोजना गर्दै आएको छ ।

# प्रेस सेन्टरमा एमपी शर्मा



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ प्रेस सेन्टर नेपाल मकवानपुरको शनिबार भएको साधारणसभा तथा छैटौं अधिवेशनले एमपी शर्माको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ । प्रेस सेन्टर मकवानपुर अध्यक्षमा शर्मा सर्वसम्मत भएका हुन् ।

शनिबार हेटौंडामा भएको छैठौं अधिवेशनले शर्माको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । प्रेस सेन्टर मकवानपुरको उपाध्यक्षमा अशोकसुजन श्रेष्ठ र नवराज वाईबा, सचिवमा अनिल पराजुली, सहसचिवमा जमुना थिङ र सुरेश बल, कोषाध्यक्षमा राजेश थापा (गरिब) चयन भएका छन् । सदस्यमा सुमित विक, राजकुमार स्याङ्बो, केदार ढकाल, आशिष बल, युवराज बिमली, सीता कोइराला, विवेक सिन्तान चयन भएको निर्वाचन संयोजक भानुभक्त आचार्यले जानकारी दिए ।

प्रेस सेन्टर नेपाल मकवानपुरकी निवर्तमान अध्यक्ष अञ्जली थापाको अध्यक्षता तथा प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटा 'जुगल'को प्रमुख आतिथ्यमा अधिवेशन उद्घाटन भएको थियो । निर्वाचनका लागि नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष आचार्यको संयोजकत्वमा मनोज ढोडारी र नानीमाया बिष्ट सदस्य रहेको निर्वाचन कमिटी गठन गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारुमगर, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, बागमती प्रदेश सचिवालय सदस्य सर्केश घलान, मकवानपुर इन्चार्ज भीम पाखिन, प्रेस सेन्टरका वरिष्ठ उपाध्यक्ष कमल गिरी, केन्द्रीय उपाध्यक्षद्वय लक्ष्मण खड्का र निर्मल ज्ञवाली, महासचिव सन्तोष पौडेल लगायतले शुभकामना दिएका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# स्वदेशी बस्तुको प्रयोग

पछिल्ला दिनमा हाम्रो समाजले विदेशी उत्पादन मात्रै उपभोग गर्ने संस्कृतिको विकास भएको छ । नेपालको किसानले उत्पादन गरेको धान नेपाली समाजमा रुचाईंदैन । हामीले लगाउने कपडा विदेशमै बनेका मात्र छन् । स्वदेशी उत्पादन हाम्रो प्राथमिकतामा पर्दैन । फरेन प्रडक्ट रुचाउने संस्कारले हाम्रा कतिपय उद्योग बन्द भएका छन् । उदाहरणका लागि हेटौंडा कपडा उद्योगलाई लिन सकिन्छ । संसारकै राम्रो गुणस्तरीय सुती कपडा उत्पादन गर्ने हेटौंडा कपडा उद्योग बन्द भएपछि चीन र भारतबाट आएका कपडाले नेपाली बजार ढाकेको छ । कृषिउत्पादन होसु वा दैनिक उपभोग्य बस्तु सबै विदेशी नै छन् । यस्तो अवस्थामा सरकारले स्वदेशी उत्पादनलाई पहिलो प्राथमिकतामा राख्नका लागि बेलाबेलामा भाषण गर्ने गरेको छ तर, त्यही भाषण गर्ने नेताले स्वदेशी उत्पादन उपभोग गरिरहेको हुँदैन । बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले स्वदेशी हस्तकला, कृषिउत्पादन प्रयोग र वितरण नेपाली उद्यमशीलताका महत्वपूर्ण स्तम्भ रहेको बताएका छन् । शुक्रबार हेटौंडा उपमहानगरपालिका-१० मा दोस्रो घरेलु उत्पादन प्रर्दशनी तथा साँस्कृतिक कार्यक्रम एवम् शैक्षिक मेला २०८१ को उद्घाटन गर्दै प्रदेशप्रमुख देवाकोटाले स्व-उत्पादन प्रयोग गरी आत्मनिर्भरतालाई बलियो बनाउनु पर्ने बताएका छन् ।

आन्तरिक उत्पादनमा अधिकतम खपत र निकासी गर्नुपर्नेमा जोड दिँदै स्थानीय निकायले कानूनीरुपमा स्थानीय उत्पादनको बिक्री-वितरण र प्रयोगमा ठोस, परिणाममुखी कदम चाल्नुपर्ने प्रदेशप्रमुख देवकोटाको भनाई छ । स्वेदशी सामग्रीको गुणस्तर र किफायती मूल्य कायम गर्नुपर्ने भन्दै देवकोटाले स्थानीय र स्वदेशी सामग्री कार्यालयको पहिरन वा व्यक्तिगत उपहार र सजावटमा प्रयोग गर्नुपर्ने धारणा राखेका थिए । नेपाली उत्पादनले गुणस्तर र किफायती मूल्य कायम गर्नुपर्छ । आखिर, यो अभियानमा हामी सबैले साथ दिने हो भने केही परिवर्तन आउने थियो । २०४५ सालमा होस् वा २०६४ को तराई आन्दोलनताका किन नहोस् । वा २०७२ को बिनाशकारी भुकम्प पछिका दिनमा भारतले नेपालमा नाकाबन्दी गरेको थियो । नाकाबन्दीको समयमा खुवै राष्ट्रबादी बनेर गफ दिने तर, उत्पादनसँग जोडिन नचाहने हाम्रो समाजमा सिन्को पनि नभाच्ने प्रबृति कायमै छ । प्रदेशप्रमुख देवकोटाले स्थानीय तथा स्वदेशी कच्चापदार्थलाई सकेसम्म बढी प्रयोग गरी उत्पादनमा जोडेर बजारको खोजी र विस्तार गर्नुपर्ने बताएका छन् ।

सूचनाप्रविधिलाई अधिकतम प्रयोग गरी फाइदा लिनुपर्ने बताउँदै उनले त्यसतर्फ राज्यका सबै निकाय सहयोगी बन्न जरुरी रहेको उनले उल्लेख गरे । स्थान विशिष्ट र स्थानीय कच्चापदार्थको आधारमा उत्पादन पकेटक्षेत्र घोषणा गरी आधारभूत पूर्वाधारसहित औद्योगिकग्राम निर्माण गर्नुपर्ने देवकोटाको भनाई छ । यसो गर्दा लक्ष्यउन्मुख बाटोमा अघि बढ्दै समृद्धि हासिल गर्न सफल हुने दाबी देवकोटाले गरे । स्वदेशी उत्पादनको प्रयोगलाई सबैले आत्मसात गर्दै अगाडि बढ्न प्रदेशप्रमुखको आग्रह थियो । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, उत्पादित वस्तुको बजारीकरण गर्ने र स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले हेटौंडा-१० मा आयोजना गरिएको प्रदर्शनी मेला शनिबार सकिएको छ । प्रदर्शनीमा हेटौंडा नगरका १९ वटै वडाका घरेलु तथा हस्तकला, कृषि, ढाकाबाट बनेका समानको प्रदर्शनी तथा बिक्री-वितरण भएको थियो । व्यवसायीलाई स्टल नि:शुल्क उपलब्ध गराइएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १४ गते सोमबार २७ जनवरी २०२५ । त्रयोदशी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:३९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासँग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# अबको पत्रकारिता: प्रारम्भिक बयान



भवानी बराल

'अबको पत्रकारिता कस्तो हुनुपर्छ ?' यो विषयको हल खोज्नु चानचुने कुरा होइन । एउटा बसाइ र एउटा लेखोटले ज्याङ्गाठ्याङ यस्तो हुनुपर्छ भन्ने विषय नै होइन । यद्यपि तत्वबोधका लागि यहाँ एकाध जिज्ञासा उठाउने प्रयत्नसम्म गरिएको छ । सूचनाप्रविधिको अभूतपूर्व विकासले अबको पत्रकारिताको रूपरेखा नै परिवर्तनको किनारामा पुऱ्याइदिएको छ । परम्परागत ढंगले अबको पत्रकारिताले लक्ष्य भेदन गर्न सक्दैन । सूचनाप्रविधि र पत्रकारिताको गहन सम्बद्धता नै अबको पत्रकारिता हुनेछ ।

सूचनाप्रविधिको विकासले पत्रकारिताको तकनिकी विकासमा महत्वपूर्ण भूमिका खेलेको छ नै । यसका अतिरिक्त सूचना सञ्चार, विषयवस्तुको सञ्चार व्यवस्थापनमा पनि व्यापक फेरबदल ल्याउनेछ, ल्याउन थालेको छ । यो तकनिकी विकाससँगै पत्रकारिताको अवधारणा यस्तै हुनुपर्छ भन्ने कुनै ढंगको रूपरेखा आउन सकेको छैन । यसैले अबको पत्रकारिताले वैश्विक विमर्श र बहसको माग गर्दछ ।

**प्रविधि युगीन पत्रकारिता**

उच्च प्रविधिको युगमा पत्रकारिता कसरी जोगाउने, कसरी विकसित तुल्याउने या अबको पत्रकारिता कस्तो हुनुपर्छ भन्ने विषय विमर्शको निष्कर्ष अहिलेसम्म आएको छैन । टुङ्गोमा पुग्न यस्तो पत्रकारिताको व्यापक चिन्तन, बहस केन्द्रित गर्न सक्नुपर्छ । तब मात्र 'वादे वादे जायते तत्व बोध:' हुनेछ । यतिखेर त आउने पत्रकारिताको प्रारम्भिक विषय नै केन्द्रित छ । अभ्यासको हैसियतमा पुगेकै छैन । तर पनि पत्रकारिताका अध्येताहरूले विभिन्न फोरममा यो विषयको चर्चा प्रारम्भ गर्दै आएका छन् । सन् २०२३ मा हिमालमिडिया मेलामा डिजिटल युगमा पत्रकारिता कसरी जोगाउने विषयमा गम्भीर विमर्श भएको थियो ।

यही विषयमा 'प्लाइस मिडिया, सिङ्गापुर'का सह-संस्थापक रिसद पटेलले विषयमाथि गम्भीरतापूर्वक विचार प्रवाह गरेका थिए । 'डिजिटल युगमा पत्रकारिताको शक्ति जोगाउन मिडिया सञ्चालनको रणनीति फेर्नुपर्ने' पटेलको धारणा थियो । उनले भनेका थिए, 'मानिसहरूसँग कुरा गर्नु, उनीहरूको समस्या सुन्नु र समाधान गर्ने सामग्री पस्कनुले पत्रकारितालाई व्यावसायिक रूपमा जोगाउन सक्छ ।' नेपाली पत्रकारिताका अध्येताहरूले पनि प्रविधि युगीन पत्रकारिता कसरी गर्ने विषयको बहस प्रारम्भ गर्न सुरु गरेका छन् । पत्रकारिताका अध्येता श्रीराम पौडेलले 'सुविधाजनक र आरामदायी पत्रकारिता' (गोरखापत्र, २४ वैशाख २०७९) शीर्षकमा लामै बहस छेडेका छन् ।

प्रविधिको विकाससँगै पत्रकारिता गर्न सुविधाजनक र आरामदायक भएकोले पाठकले नयाँ सुरुचिपूर्ण खुराक नपाएकोले पाठक, श्रोताको आकर्षण घटेको उनले जिकिर गरेका छन् । विषयवस्तु पठनीय र गम्भीर नभएकोले आजको पत्रकारितामा पाठक, श्रोता कमै विचरण गर्न पुगेका छन् ।

**प्रविधिको घेराबन्दीमा पत्रकारिता**

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) ले सन् २०२२ मे ३ विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा 'प्रविधिको घेराबन्दीमा पत्रकारिता' (जर्नालिजम अण्डर डिजिटल सिज) 'थिम' (नारा) तय गरेको थियो । विश्वभरिको पत्रकारिता प्रविधिको घेराबन्दीमा परिसकेको यो थिमको अन्तर्य हो । यो थिममा गम्भीर बहस आजपर्यन्त हुनसकेको छैन । अबको पत्रकारिताको मार्गचित्र पत्रकारितालाई प्रविधिको घेराबन्दीबाट उम्काउने, बचाउने हुनुपर्छ । प्रविधि साधन हो, साध्य होइन भन्ने मान्यतालाई आत्मसात् गराउनुपर्छ । यसका लागि गम्भीर, पठनीय र संग्रहणीय सामग्री उत्पादन, प्रकाशन-प्रसारणले मात्र अबको पत्रकारिताको विश्वसनीयता पुनर्स्थापित गर्न सक्छ ।

यसका लागि सिर्जना शक्तिको व्यापक उपयोग गरेर पत्रकारितामा विषयवस्तु प्रस्तुत गर्न सक्नुपर्छ । अन्यथा प्रविधिको घेराबन्दीमा पत्रकारिता पुगिसकेको छ, विस्फोटनको स्थितिमा पुग्यो भने पत्रकारिताको हालत के होला ? तर युनेस्कोले त्यसको ठीक एक वर्ष पछाडि सन् २०२३ मा 'भविष्यको अधिकार निर्माण गर्न' शीर्षकको अर्को थिम ल्यायो । सन् २०२४ मा 'ब्रह्माण्डको लागि प्रेस' थिम ल्यायो । सन् २०२५ मेमा कस्तो थिम लिएर आउने हो हेर्न बाँकी नै छ । यसरी प्रत्येक वर्ष सूचनाप्रविधिमा आएको फेरबदल र नयाँ आविष्कारले पत्रकारिताको परिभाषा, यसको उपयोगिता र कर्मलाई पार्ने प्रभाव मूल्याङ्कन गर्न जरूरी छ ।

**पत्रकारितामा सिटिजन र सिभिक**

पत्रकारिता शिक्षामा 'सिटिजन' (नागरिक) पत्रकारिता र 'सिभिक' (नागरिक) पत्रकारिता शब्दावली प्रयोग हुँदै आएको छ । नेपाली भर्नाकुलर भाषामा दुवै पत्रकारिता शब्द अर्थमा एकै लाग्न सक्छ । तर यी दुई शब्दावलीको व्यापक र भिन्न अर्थ हुन्छ । नागरिकले आफूलाई लागेको सूचना, सन्देश, अभिव्यक्ति आफैंले प्रकाशन-प्रसारण गर्नुलाई सिटिजन (नागरिक) पत्रकारिता भनिन्छ । सामाजिक सञ्जाल सिटिजन (नागरिक) पत्रकारिताका साधन हुन् । ट्विटर, फेसबुक, टिकटक, युट्युब, ह्वाट्सएप लगायतका सामाजिक सञ्जालको सहयोगमा हुने नागरिकका अभिव्यक्ति यसका उदाहरण हुन् ।

पत्रकारिताको दक्ष जनशक्तिले गर्ने पत्रकारिता सिभिक (नागरिक) पत्रकारिता हो । आमसञ्चारका माध्यम अखबार, रेडियो, टेलिभिजन, अनलाइन पोर्टल यसका माध्यम वा साधन हुन् । पहिलो सिटिजन पत्रकारिता स्वेच्छिक र व्यक्तिगत हुन्छ । दोस्रो सिभिक पत्रकारिता स्वेच्छिक र ऐच्छिक हुन सक्दैन । दुवै पत्रकारिता नागरिकसँग सम्बन्धित नै हुन्छ । तर पछिल्लो सिभिक पत्रकारिताले सर्वजन हिताय सोच्दछ । यसर्थ सिभिक पत्रकारिताले अबको पत्रकारिताको प्रस्थानबिन्दु पहिल्याउन सक्नुपर्छ । तर यतिखेर नागरिक पत्रकारिताको माध्यम सामाजिक सञ्जाल पूरै पत्रकारितामा हावी भएको छ । प्रविधिको घेराबन्दीमा पत्रकारिता परेको भनेको यही हो । यो चुनौतीलाई पार लगाउनुपर्छ । सूचनाप्रविधिको तकनिकी उपयोग पत्रकारिता जोगाउनु र फस्टाउनुपर्छ ।

**रहलपहल**

सूचनाप्रविधिको द्रुत विकासलाई चौथो औद्योगिक क्रान्तिको रूपमा पनि लिइन्छ । यो क्रान्ति पछि ब्रह्माण्डका हरेक क्षेत्र र विधामा प्याराडाइम सिफ्ट (प्रतिमान परिवर्तन) भएको छ । दर्शन, राजनीति, सिद्धान्त, वैचारिक सवालहरू परिमार्जन, परिष्कृत गर्ने बेला भएको छ । राजनीतिक क्षेत्रका वैचारिकीमा आएको संकटका कारण यतिखेर 'डेमागग्' (लोकरिझ्याइँ), 'छद्म राज्य', कथित नयाँ विश्व व्यवस्था आदि प्रवृत्तिको आयतन बढ्दै गएको छ । हाम्रै देशको राष्ट्रिय राजनीतिमा पनि यस्ता प्रवृत्तिहरूको उपस्थिति भइसकेको छ । यसले गम्भीर राजनैतिक वैचारिकीलाई काकतालीमा पारेर परास्त गर्न सक्छ । यसकारण गम्भीर जनमत निर्माण गर्ने हेतु अबको पत्रकारितामा हुनुपर्छ ।

यसर्थ अबको पत्रकारिता कस्तो हुनुपर्छ भन्ने विषय गम्भीर र विहंगम एवम् विराट छलफलको विषय हो । कृत्रिम बौद्धिकता ( आर्टिफिसियल इन्टलिजेन्स, एआई) का कारण पनि पत्रकारिताको अबको यात्रा नयाँ तर चुनौतीपूर्ण यात्रा हो । पत्रकारिताको रणनीति, कार्यनीति निर्माण आजको अत्यावश्यक विमर्श हो । अबको पत्रकारिता गम्भीर, पठनीय, सुरुचिपूर्ण र संग्रहणीय सामग्री उत्पादन गर्ने हदको हुनुपर्छ । जनरुचि, सार्वजनिक सरोकार, विश्वासयोग्य विषय, दिशानिर्देश र तदनुकूल जनमत निर्माण गर्न सक्षम हुनुपर्छ । पत्रकारिताको कार्यसूची, मार्गचित्र के हुने खुट्याउन सक्नुपर्छ । लक्षित समूह, पाठक, श्रोता, दर्शकको विचारको वाहक हुनुपर्छ ।

प्रविधिको घेराबन्दीमा परेको पत्रकारिताले कसरी बाँकी चुनौतीको सामना गर्न सक्छ ? लोकतन्त्रको रक्षा अर्ध-मूर्छित वा घेराबन्दीमा परेको पत्रकारिताले गर्न सक्दैन । अहिले यस्तै भइरहेको छ । 'डेमागग्' प्रवृत्तिले लोकतन्त्रको उछित्तो काढ्न सफल हुँदै गएको यसै कारणले हो । विचार अभिव्यक्तिको स्वतन्त्रता, लोकतन्त्रको पहरेदार पत्रकारिताको मार्ग चित्र कोर्न सक्नु नै अबको पत्रकारिताको मूल बाटो हो ।

*(साभार: अनलाइनखबर)*

# बेरोजगारीको विकराल समस्या र उपयुक्त समाधान

श्यामप्रसाद मैनाली

अन्तर्राष्ट्रिय श्रम संगठनले हालै एक प्रतिवेदन प्रकाशित गरेको छ । सो प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालमा ४ लाख श्रमिक प्रतिवर्ष कामको खोजीमा निस्किन्छन् । तीमध्ये ११.२ प्रतिशतले मात्रै रोजगारी पाएका छन् । देशको जनसंख्यामध्ये बालबालिका, वृद्धवृद्धा, श्रमशक्तिबाट अवकाश पाएका, विद्यार्थी, काम गर्न नचाहने, कैदीहरुलाई श्रमिकको रुपमा समेटिएको छैन । प्रतिदिन औपचारिक र अनौपचारिक गरी १५०० देखि २००० सम्म विशेष गरी युवाशक्तिहरु विदेश पलायन भइरखेका छन् ।

खुला सिमाना भएका कारण अव्यवस्थित हिसाबले भारत प्रवेश गर्ने नेपालीहरु र भारतबाट रोजगारीका लागि नेपाल प्रवेश गर्नेहरुको पहिचान गर्न सकिएको छैन । तर नेपालबाट भारत प्रवेश गर्नेभन्दा भारतबाट नेपाल प्रवेश गर्ने श्रमिकहरूको संख्या बढी भएको स्पष्टत: अनुभूति गर्न सकिन्छ । प्रतिवर्ष १० लाख भारतीयहरू कामका लागि नेपाल प्रवेश गरेको अनुमान गरिएको छ । २५ प्रतिशतदेखि ३० प्रतिशतसम्म औपचारिक क्षेत्रमा नेपाली युवा श्रमिकहरूले काम पाइराखेका छन् ।

अनौपचारिक क्षेत्रमा ७० प्रतिशत श्रमिकहरू रहेका छन् । बेरोजगारीको अवस्थाले देशको आर्थिक अवस्थाको निर्धारण हुन पुग्छ । यसबाट अथवा बेरोजगारी बढ्दै जाँदा कुल गार्हस्थ्य उत्पादनमा कमी आउने गर्दछ । सामान्यतया ४ देखि ६ प्रतिशतसम्म बेरोजगारको अवस्था देखिँदा आर्थिक दृष्टिकोणले नकारात्मक मानिन्छ । त्यसभन्दा तल अथवा ४ प्रतिशतभन्दा कम बेरोजगार रहेमा केही हदसम्म त्यो जनशक्तिलाई व्यवस्थित गर्न सकिन्छ र देशको अर्थ व्यवस्थामा धेरै ठूलो नकारात्मक प्रभाव पार्दैन भन्ने मान्यता छ । नेपालमा विशेष गरी कृषि र उत्पादन क्षेत्रमा रोजगारीका अवसरको सिर्जना हुन सकेको छैन ।

देशको ६० प्रतिशत जनसंख्या युवा रहेका छन् । तिनीहरूमध्ये १९ प्रतिशत बेरोजगार छन् । कामको खोजीमा विकसित शहरहरूमा बसाइँ सराइ गर्ने प्रचलन ज्यादा छ । यस हिसाबले विकसित शहरमा जनसंख्या एकत्रित हुन पुगी त्यो ठूलो जनसंख्यालाई व्यवस्थित गर्न अत्यन्त असहज बनिराखेको छ । यसबाट बहुआयामिक नकारात्मक प्रभावहरुसमेत परिराखेको स्थिति छ । गरिब र अव्यवस्थित शहर बनिराखेको छ । अपराध कर्म ज्यामितीय अनुपातमा बढिराखेको छ । पाँचजनामा एकजना श्रमिक कृषि पेसामा आधारित रहेको अवस्था छ । सन् १९९५/१९९६ मा ४.९ प्रतिशत मात्र बेरोजगारीको समस्या रहेकोमा २०२२/०२३ मा आएर यो प्रतिशत १२.६ पुगेको छ । देशका महत्वाकांक्षी, प्रतिभाशाली, सृजनशील र प्रतिबद्ध युवाशक्तिलाई निष्क्रिय राखेर देशमा अपराध कर्म वृद्धि गर्दै हामी आर्थिक समुन्नति र सुशासनको परिकल्पना गरिराखेका छौं । यस अवस्थामा यो मृगतृष्णाबाहेक अरु केही पनि हुने अवस्था छैन ।

**यसको कारण र यसबाट पर्ने प्रभाव :**

देशले अवलम्बन गरिरहेको शिक्षा प्रणाली अनुत्पादक छ, अनुपयुक्त छ र शिक्षामा राज्यको लगानी पनि अत्यन्त न्यून छ । श्रमबजारमा बिक्ने प्रकारले सीपयुक्त जनशक्तिको उत्पादन र ज्ञान उपलब्ध गराउने हिसाबले हाम्रो शैक्षिक योजना कहिल्यै तयार भएन । यसबाट नेपालका युवाहरुलाई आफूले प्राप्त गरेको शैक्षिक योग्यता र सीपले आफ्नो वृत्ति विकास हुने सन्दर्भमा थोरै पनि विश्वास हुन सकेको छैन । यही कारणले गर्दा अहिले उच्च शिक्षामा विद्यार्थीको उपस्थिति अत्यन्त न्यून छ । यही कारणले गर्दा कतिपय महाविद्यालयहरू विद्यार्थीको अभावमा बन्द हुँदै गएका छन् । यसले राष्ट्रलाई नकारात्मक प्रभाव पार्नेमा कुनै सन्देह रहँदैन ।

देशमा रहेको कृषि क्षेत्रले रोजगारीका अवसरहरू सिर्जना गरी ती क्षेत्रहरूलाई आकर्षक र उत्पादक बनाउन सकेको छैन । यही कारणले गर्दा अनौपचारिक क्षेत्रमा अर्धरोजगारीको अवस्था छ । यसलाई राष्ट्रको नीतिले पनि खासै महत्व दिएको छैन । यो अवस्था सिर्जना हुँदा देशको कृषि क्षेत्र बिस्तारै अनुत्पादक बन्दै गएको छ । कृषि क्षेत्र अनाकर्षक बनेकै कारण रोजगारीका लागि निस्किएका युवाहरू औपचारिक क्षेत्रमा मात्र प्रतिस्पर्धा गर्न तल्लीन बनेका छन् । यसले गर्दा अत्यन्त सीमित अवसर प्रदान गर्ने औपचारिक क्षेत्रमा कडा प्रतिस्पर्धा भइराखेको छ । सरकारी र सरकार स्वामित्व रहेका निकायहरुले प्रमुख रुपमा रोजगारी प्रदान गरेको अवस्था छ । देशको बेरोजगारीको समस्या समाधान गर्न निजी क्षेत्रले रोजगारीका अवसरहरु प्रदान गर्न सक्नुपर्दथ्यो । त्यो अवस्था देशभित्र नगन्य छ । रोजगारदाताहरूले अपेक्षा गरेअनुसारको प्राविधिक सीपयुक्त उत्पादक जनशक्ति प्राप्त गरिराखेका छैनन् । यही कारणले युवाहरुले प्राप्त गरेको सीप बजारमा सहजै रोजगारी प्राप्त गर्ने प्रकारको छैन ।

ग्रामीण र शहरी क्षेत्रका बीच विविधता प्रशस्त पाइन्छ । कुनै स्तरीय जनशक्ति पनि विकसित शहरहरूमा मात्रै केही हदसम्म उपलब्ध छ । सीमित प्रतिस्पर्धामा उत्रेका ग्रामीण भेगका बेरोजगारहरुले शहरी क्षेत्रका सम्भ्रान्त परिवारका गुणस्तरयुक्त जनशक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति छ । यही कारणले गर्दा निम्न-मध्यमवर्ग र निम्नवर्गका सन्ततिहरुले रोजगारीका अवसर प्राप्त गर्न अत्यन्त असहज छ । देशमा उद्यमशीलताले प्रोत्साहन पाइराखेको अवस्था छैन । भएका उद्योगहरू निजीकरणका नाउँमा कौडीको भाउमा निजी क्षेत्रलाई सुम्पिएको अवस्था छ ।

निजी क्षेत्रलाई यी उद्योगहरू हस्तान्तरण गर्दा ती संस्थाहरूले पाइरहेको रोजगारीको अवस्थामा कुनै नकारात्मक प्रभाव नपरी थप रोजगारी प्रदान गर्न सक्ने स्थिति बनाएर मात्र निजीकरण गरिनुपर्ने थियो । तर यसतर्फ राज्यले ध्यान दिएको अवस्था छैन । यसले गर्दा निजी क्षेत्रलाई हस्तान्तरण गरिएका उद्योगहरू प्लटिङ गरी व्यापारिक प्रयोजनमा बिक्री गर्ने र नाफा आर्जन गर्ने स्थिति देखिएको छ । यसबाट निजी क्षेत्रका लगानीकर्ताहरू फाइदामा रहने र राष्ट्रलाई बेफाइदा मात्र हुने अवस्था बढिराखेको छ । निजी क्षेत्रका व्यापारी, उद्योगपतिहरूले पनि उपयुक्त वातावरण प्राप्त गरिराखेका छैनन् । यसले गर्दा उनीहरुले थप लगानी गर्न उत्साहित बनिराखेको अवस्था छैन । अधिकांश दुर्गम ग्रामीण बस्तीहरूको बाहुल्यता भएको देश नेपालमा देशका सानातिना कुटिर उद्योगहरू सञ्चालन गर्ने व्यवसाय गर्नेहरूले पनि वित्तीय कारोबारका लागि उपयुक्त सुविधा आफ्नो क्षेत्रमा पाइराखेका छैनन् । लैंगिक विभेद अत्यन्त ज्यादा छ । यो विश्वव्यापी समस्या हो । नेपाल पनि यसबाट अक्रान्त छ । यसबाट पनि रोजगारीलगायतका विषयहरुमा आधाभन्दा बढी जनसंख्या रहेको महिला वर्गहरुले पुरुषहरुका तुलनामा कम अवसर पाइराखेका छन् ।

राजनीतिक अस्थिरताका कारण देशको समग्र प्रणाली नै नकारात्मकरुपमा प्रभावित भइराखेको छ । ३५ वर्षको अवधिमा सरदर एक वर्षको एक सरकारले काम गर्न पाएको अवस्था छ । अघिल्लो सरकारले अवलम्बन गरी आएका नीतिगत पक्षहरूमा विश्लेषण गरी निरन्तरता दिने राजनीतिक संस्कारको अभाव छ । यो अस्थिरताका कारण अर्थतन्त्रका सबै पक्षहरू प्रभावित भएका छन् । स्वभावत: यो परिस्थितिले रोजगारीको अवस्था सिर्जना गर्न खाकासम्म पनि कोर्न सकेको छैन । नीतिगत अड्चनका कारण आर्थिक वृद्धि र रोजगारीका अवसर सिर्जना हुन सकेको छैन । नीतिगत तादात्म्यताको अभाव स्पष्ट छ । स्वदेशी र विदेशी दुवै प्रकारका लगानी गर्ने अनुकूल वातावरण सरकारले बनाउन सकेको छैन । अस्थिर सरकारले गरेका प्रतिबद्धताहरूमा लगानीकर्ताहरूले विश्वास गर्न सकेका छैनन् । यिनै कारणले गर्दा देशका होनहार युवाहरूको विदेश पलायन तीव्र गतिमा भइराखेको छ । मसल र ब्रेन दुवै विदेशी भूमिमा उत्पादक कार्यमा प्रयोगमा आइराखेका छन् । हामी तिनै युवाले पठाएको विप्रेषणबाट अर्थतन्त्र चलायमान भएकोमा गौरव मानिराखेका छौं । यस्तो बौद्धिक दरिद्रता स्पष्ट भएका शासकहरू र नीति निर्माताहरु भएको देशले आर्थिक समुन्नति र रोजगारीको अवस्थामा सुधार गर्ने अवस्था निरपेक्षरूपमा रहँदैन ।

बेरोजगारी व्याप्त भएको देशमा नयाँ आविष्कारहरू केही हुँदैनन् । आर्थिक अवस्था चलायमान हुँदैन । युवाशक्तिलाई बेरोजगार राखिदिँदा उनीहरूको योगदान अर्थतन्त्रमा रहँदैन । यसबाट आर्थिक प्रतिफल उल्लेख्यरुपमा घट्दै जान्छ । सामाजिक भलाइ र सामाजिक प्रणालीमा प्रत्यक्षत: नकारात्मक प्रभाव पर्दछ । किनकि देशको ठूलो र चलायमान जनशक्ति कुल गार्हस्थ्य उत्पादनका लागि निष्क्रिय हुन्छ । सामाजिक गतिरोध र विद्रोहको अवस्था सिर्जना हुन्छ । असन्तुष्टि विद्रोही भावनाको विकास युवाहरूमा तीव्र देखिन्छ । सामाजिक द्वन्द्वको अवस्था बन्दछ । बेरोजगार युवाहरू निराश हुन्छन् र गतिरोधका कारक बन्न पुग्छन् । सशक्त आवाज उठाउनेहरुले सरकारलाई नै र राज्यलाई नै संकटमा पार्न सक्छन् । यस अवस्थामा देशमा स्थापित राजनीतिक प्रणाली पनि जोखिममा पर्न थाल्छ । विदेशतर्फ आकर्षित भएका होनहार युवाहरू आर्थिक वृद्धि र विकासका लागि चुनौती बन्दछन् । किनकि यी युवाहरू सबै विकसित देशहरुमा स्थायीरुपमा बसोबास गर्न पुग्छन् ।

देशमा रहेको आफ्नो सम्पूर्ण स्रोत, साधन, स्थायी बसोबास गरेको मुलुकमै लिएर जान्छन् । यस अर्थमा वैदेशिक रोजगारीमा गई विप्रेषण पठाउने युवाहरुभन्दा यी गुणस्तरयुक्त युवाहरुको भौतिक पलायन हुँदा देशमा आर्थिक वृद्धि र विकासमा लागि ठूलो चुनौती बन्दछ । सामाजिक र मनोवैज्ञानिकरुपमा हीनताबोध नेपालका युवाहरूमा देखिँदै जान्छ । भविष्यको गन्तव्य अधिकांश युवाहरुमा अन्योलग्रस्त बन्न पुग्छ । अपराध कर्मबाट आश्रित हुनुपर्ने स्थिति बन्दछ र यसले समाजलाई नै प्रदूषित बनाउँछ ।

**निष्कर्ष :**

शिक्षा प्रणालीमा आमूल सुधारको आवश्यकता छ । स्वदेशमै कुनै पेसा अवलम्बन गरी बस्न सक्ने गरी प्राविधिक सीपयुक्त युवाहरूको बाहुल्यता हुने हिसाबले शिक्षा प्रणाली दिनु आवश्यक छ । जनशक्तिको योजना गर्दा राष्ट्रिय हिसाबले के-कस्ता र कति जनशक्ति स्वदेशको लागि जरुरी पर्ने हो ? तिनीहरूको परिचालन कुन-कुन क्षेत्रमा कसरी गर्ने हो ? यसको स्पष्ट खाका तयार गरी सोही अनुरुप जनशक्ति उत्पादन गर्ने निकायहरुलाई राज्यले वा सरकारले निर्देशित गर्नुपर्दछ । ती जनशक्तिहरु उत्पादन भएपछि उनीहरूको देशभित्रै उपयोग गर्ने रणनीति अवलम्बन गर्नु जरुरी छ ।

वैदेशिक रोजगारबाट सीप आर्जन गरी स्रोत-साधनसहित फर्किएको जनशक्तिलाई राज्यले आवश्यक सहुलियत र सहजीकरण गरी उनीहरूको सीप, स्रोत-साधनको राष्ट्र निर्माणमा उपयोग गर्नु जरुरी छ । यसो गर्दा ती युवा उद्यमी बन्न सक्छन् र रोजगारीको अवसर सिर्जना हुन्छ । यस्तै निजी क्षेत्रलाई प्रोत्साहित हुने अवस्था सिर्जना गर्नुपर्छ भने लगानीमैत्री वातावरण कसरी सिर्जना गर्ने भन्ने बारेमा सम्बन्धित क्षेत्रका विज्ञहरूको सुझावसहित सरकार अघि बढ्नुपर्छ । सार्वजनिक निजी साझेदारीलाई प्राथमिकतामा राखी उद्योग, कलकारखानाहरूको विकास गर्दै रोजगारीका अवसर खोल्नुपर्दछ ।

देशको जनसंख्याको ठूलो संख्या कृषिमा आधारित छ । कृषि परम्परामा आधारित छ । यसै कारणले गर्दा नेपाली युवाहरू कृषितर्फ आकर्षित हुन सकिराखेका छैनन् । यो समस्याको समाधानका लागि कृषिमा अनुदान दिँदै कृषि क्षेत्रलाई प्रविधिका आधारमा सञ्चालन गर्ने तरिकाको विकास र आधुनिकीकरण गर्नुपर्दछ । श्रमिक बजार सूचना प्रणालीको विकास गर्दै जनशक्तिको यथार्थ जानकारी लिने र ती जनशक्ति मुलुकभित्र के-कति खपत हुन सक्छन् ? त्यसको स्पष्ट र भरपर्दो अभिलेख र सूचना यथासमयमा लिई सोही अनुरुप योजना तयार हुनुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# ५० पैसामा हेरेका ती सिनेमाहरू


२०३९ सालको एसएलसी परीक्षाको नतिजा २०४० साल साउनको पहिलो हप्तामा भए जस्तो लाग्छ । एसएलसी परीक्षाको नतिजा पश्चात् कानुन विषय पढाउने उद्देश्यले पिताजीले मलाई २०४० भदौ ३ गते काठमाडौंका लागि प्रस्थान गर्ने क्रममा जन्मथलो रोल्पाको खुंग्रीबाट बिहानै हिंड्यौं बाउ-छोरा ।

आफूले ८ देखि १० कक्षासम्म अध्ययन गरेको प्यूठानको भिंग्रीस्थित अमर माध्यमिक विद्यालयमा आउँदा नौ बजिसकेको थियो । विद्यालयमा गएर लब्धाङ्कपत्र र स्थानान्तरण प्रमाणपत्र लिन जानुअघि पिताजीको भाञ्जीदिदीको घर भएको जारी भन्ने ठाउँमा गएर खाना खायौं । खाना खाइसकेर लब्धाङ्कपत्र र स्थानान्तरण प्रमाणपत्र लिन विद्यालयमा पस्यौं ।

रोल्पाको खुंग्रीबाट आएर प्यूठानको भिंग्रीस्थित अमर माध्यमिक विद्यालयबाट एसएलसीमा उत्तीर्ण हुनेहरूको संख्या उल्लेख्य थियो । त्यसअघि हाम्रो गाउँका एसएलसी परीक्षा उत्तीर्ण गर्ने एकजना मात्र हुनुहुन्थ्यो । हाम्रो गाउँका परीक्षार्थी धेरै उत्तीर्ण हुँदा विद्यालय परिवार खुशी देखिन्थ्यो । त्यसबखतसम्म रोल्पा केन्द्रबाट भने एक-दुई जना मात्र उत्तीर्ण हुन्थे । भिंग्रीबाट बाह्रबजेतिर प्रस्थान गर्‍यौं काठमाडौंका लागि, तर बास बस्नुपर्‍यो प्यूठानकै नयाँगाउँ भन्ने ठाउँमा । नयाँगाउँबाट भोलिपल्ट बिहानै पैदलै हिंड्यौं र अरङखोला-थक्लेनी-मोतिपुर हुँदै बड्डाँडा उक्लियौं ।

त्यसबखत बड्डाँडामा एउटा चियापसल र एउटा किराना पसल मात्र थिए । चिउरी घ्यूका पोका, पिंडालु, अदुवा पसल बाहिर राखिएका देखिन्थे । सो ठाउँ उच्चलेकमा रहेकोले भदौको उखर्माउलो गर्मीको तापलाई बिर्साउन र थकाइ मार्न सहज भयो, ज्यानमा शीतलता महसुस भइरहेको थियो । एकछिन चिया पिएपछि भालुबाङतर्फ लाग्यौं ओरालो झर्दै । मोटरबाटो कतै खनिँदै थियो भने कतै खन्न बाँकी देखिन्थ्यो । तथापि २०३५ सालमै मेरो जन्मथलो रोल्पाको खुंग्रीमा जीप र मोटर साइकल पुगिसकेको थियो ।

बिहानदेखिको हिँडाइको थकाइले गर्दा भोक लागेपछि भालुबाङ नपुग्दै वरै ददेरी भन्ने ठाउँमा पुगेर एउटा होटलमा हामीले खाना खायौं र हिँड्दै भालुबाङसम्म पुग्यौं, ज्यान निकै थाकेको थियो । भालुबाङ आइपुगेर भदौ अर्थात् बर्खाको उर्लंदो राप्ती नदीमा काठको डुंगा चढ्यौं । डुंगाले पाँच सेकेण्डमै वारिबाट पारि पुर्‍याउँदा मलाई अचम्म लागेको थियो । डुंगा राप्तीको बीचमा पुगेपछि डर-डर पनि लागेको थियो । त्यसपछि कालाकाँटे हुँदै वनकस पुगेपछि बुटवल जाने बस कुरेर बस्यौं । बस आएपछि



हामी बस चढेर बुटवलतर्फ लाग्यौं र बुटवलमा चिया-नास्ता गरेर बेलुकी काठमाडौंका लागि बस चढ्यौं । थकाइले गर्दा होला बसमा यात्रा गर्दा निद्रा मजाले लागेको थियो । बस गुड्दैगर्दा कुन बेला कुन ठाउँ आयो भन्ने हेक्का थिएन हामी बाउ-छोरालाई ।

जिन्दगीमा पहिलोपटक बस चढेको अनुभव सँगालें । भदौ ५ गते बिहान १ बजेको थियो होला नारायणगढमा हामी चढेको बस रोकियो, मुगलिनमा पनि एकछिन रोकियो । ब्युँझिएर बाहिर हेरें, होटलको साइनबोर्डमा मुगलिन, चितवन लेखिएको देखें । मुलिनको नाम मैले रेडियो नेपालबाट कुनै गीतमा पहिल्यै सुनेको थिएँ । त्यहाँ १०/१२ वटा होटल र पसल मात्र देखिन्थे । नौबिसे आएपछि फेरि ब्युझिएँ, बसभित्र रंगीन बत्ती बालिएको थियो ।

"काठमाडौं कस्तो होला ?" भन्ने कौतूहल थियो मनमा । उज्यालो भएपछि थानकोट आयो, त्यहाँ चेकपोष्ट रहेछ । प्रहरीले गाडी चेक गरेर छोडिदिए । हामी बसबाट थापाथलीमा झरे जस्तो लाग्छ । काठमाडौंमा त्यतिबेला व्यवस्थित बसपार्क भए जस्तो लाग्दैनथ्यो । पिताजीले पाटनढोका नजिक चाकुपाट भन्ने ठाउँमा लैजानुभयो, जहाँ उहाँका मित्रको निवास थियो । नुहाइधुवाइ गरेर खाना खाएर कानुन पढ्नको लागि भर्ना हुन नेपाल ल क्याम्पस, भृकुटीमण्डपमा गयौं ।

दुर्भाग्यवश अघिल्लो दिनमै फारम भर्ने म्याद सकिएको रहेछ । भर्नाका लागि अरु प्रयास पनि गरिए, भनसुनले पनि काम गरेन । मान्छेको कोलाहल र गाडीको ताँती हेर्दै चाकुपाट फर्कियौं- पिताजीका मित्रको निवासमा, जहाँ उहाँका ९ जनाको परिवारको दैनिकी चल्थ्यो । उहाँका सात छोरीहरूमध्ये अन्तिमका तीन साना छोरीहरूलाई मैले उहाँको घरमै पढाउने काम गर्न थालें ।

एक महिनापछि अर्थात् २०४० असोज ९ गतेदेखि मैले आइ.कम. को पहिलो वर्षको कक्षा सुरु गरें ललितपुरको लगनखेलस्थित नमुना मच्छिन्द्र क्याम्पसमा । साढे नौ बजे कक्षा सकिएपछि त्यसैदिन दश बजेदेखि कार्यालयमा हाजिर भएँ । हाजिर भएको केही दिनअघि मैले वीरगंज चिनी कारखाना लिमिटेडको काठमाडौं कार्यालयमा क्लर्क पदको जागिरमा नियुक्ति पाएको थिएँ । पुतलीसडकस्थित इञ्जिनियर नारायण कसजूको घरमा रहेको उक्त कार्यालय तेस्रो तलामा थियो ।

पाँचवटा कोठा भएको एउटा फ्ल्याटको भाडा जम्मा चौध सय रुपैयाँ थियो । मेरो तलब भने महिनाको तीनसय थियो । त्यतिबेला काठमाडौंमा रोल्पालीहरूको संख्या मुस्किलले पाँच सात जना थियो । रोल्पालीहरू खासै भेटिदैनथे ।

### पहिलो महिनाको तलब र माइलो मेलामा स्वाहा

जीवनमा पहिलो पटक जागिरको अनुभव गर्दै, सिक्दैथिएँ । माथिल्लो तहका कर्मचारीहरूबाट मलाई सिकाइँदै थियो । कार्यालय व्यवस्थापन, दर्ता-चलानी, टिप्पणी आदिआदिका सम्बन्धमा सिक्दैथिएँ । असोज नौ गतेदेखि शुरु भएको जागिर भएको हुँदा पूरा महिनाको तलब पाउने कुरा थिएन । तलब वापत २७० रुपैयाँ बुझेर म अस्थायी बास चाकुपाटतर्फ लाग्दैथिएँ । बाटोमा रमाइलो मेलाको माइकिङ भइरहेको सुनें, के रहेछ भनेर भृकुटीमण्डपमा छिरें । मेला चलिरहेको थियो, कोही बालरेल चढिरहेका थिए, कोही रोटेपीङ खेलिरहेका थिए भने विभिन्न स्टलहरूमा थरीथरीका खेलहरू खेलाइएका थिए ।

"यसरी खेलेमा यो जितिन्छ" भन्दै खेल खेलाउने व्यवसायीले भनेपछि "जितिन्छ कि क्या हो ?" भनेर म पनि विभिन्न खेलहरू खेल्दै गएँ ।

प्वालहरूमा बल छिराउने, साबुन र बिस्कुट लगायतका सामानमा रिङ छिराउने कोसिस गरियो, अन्तिममा चिठ्ठा पनि किनें । भृकुटीमण्डपको त्यो रमाइलो मेलाबाट बाहिरिएर गोजीको परीक्षण गर्दा मुस्किलले बसभाडा पुग्ने र दुई-चार रुपैयाँ मात्र बचेको थियो ।

म आत्तिएँ पनि, "अब महिना कसरी गुजार्ने होला?" भनेर सोँच्दै रनभुल्लमा परें । मेलामा केही पनि जीत हात परेको थिएन । त्यतिबेला रत्नपार्कबाट पाटन ढोकासम्मको बसभाडा तीस पैसा मात्र थियो । सहचालकले मुठीमा सिक्काहरू झिरिपझिरिप पार्दै भाडा माग्थे भने १, २ र ५ का नोटहरू दोर्ब्याएर औंलाको कापमा राखेका हुन्थे ।

बस चढेर अस्थायी बसोबास रहेको घरमा पुगेर तलब सकिएको कुरा बताएपछि मलाई "त्यस्तोमा फस्नुहुँदैन !" भनेर सम्झाइयो । भर्खरै अठार वर्ष नाघेको कच्चा किशोर न थिएँ ।

एकदिन साथीहरूसँग सिनेमा हेर्न जाने कुरा भयो । त्यसअघि मैले कहिल्यै पनि सिनेमा हेरेको थिइनँ । सिनेमा हेर्नका लागि नयाँसडकको फसिकेवस्थित रञ्जना हलमा पुग्यौं । अघिल्लो सिटको लागि पचास पैसाको टिकट लाग्थ्यो । जसलाई तेस्रो श्रेणीको टिकट भनिन्थ्यो । त्यसपछाडिका सिटहरूलाई सेकेण्ड क्लास, फस्ट क्लास हुँदै सबैभन्दा पछाडि स्पेशल क्लास थियो भने माथिल्लो तलामा बाल्कोनी र ड्रेससर्कलका सिटहरू थिए । बाल्कोनी र ड्रेससर्कलका लागि टिकटको मूल्य धेरै थियो ।

रञ्जना हलमा सिनेमा शुरु हुनअघि सबै ढोकाहरू लगाएर हल अँध्यारो पारिएपछि मलाई निसास्सिए झैं लागेको थियो । "किन अँध्यारो पारेको होला हललाई?" भन्ने सोचेको थिएँ । भित्तामा र हेका पंखाहरूबाट हावा आइरहेको थियो । सिनेमाको नाम थियो- "खुदा कसम ।" सिनेमा हेरिसकेर हामी लाग्यौं कुपण्डोलतिर जहाँ मेरा केही साथीहरू बस्दथे । सिनेमा हेर्न नगएका एकजना साथीले मलाई सोधे- "कुन सिनेमा हेर्नुभयो?" मैले तत्कालै जवाफ दिएँ- "रञ्जना ।"

साथीहरू हाँस्न थाले र भन्न थाले "त्यो त सिनेमा हलको नाम हो, सिनेमाको नाम पो सोधेको!" म एकछिन अक्क न बक्क परें । सँगै सिनेमा हेर्न गएका एक जनाले भने- "खुदा कसम ।"

मैले हेरेको पहिलो नेपाली सिनेमा भने 'जुनी' हो । सिनेमामा एउटा गीत बजेको थियो- "तिमी गाउँलेहरू, न त खान जान्ने, न त लाउन जान्ने ।" यो गीत खासमा गाउँलेलाई हेपेर रचिएको रहेछ । २०४१ सालमा अशोक सिनेमा हल पाटनढोकामा नेपाली सिनेमा 'बाँसुरी' हेरें । जसमा प्रायजसो दार्जीलिङका कलाकारहरूले अभिनय गरेका रहेछन् । त्यसपछि मैले नबुझे पनि हिन्दी सिनेमाहरू एकपछि अर्को हेर्दै र बुझ्दै गएँ । नेपाली सिनेमा 'जीवन रेखा', 'सिन्दुर' र 'कान्छी' राम्रा लागेका सिनेमा थिए ।

ती सिनेमाहरू राम्रो लागेपछि दोहोर्‍याएर तेहेर्‍याएर पनि हेरें । बाटोमा कतै कतै अभिनेताहरू शिव श्रेष्ठ र भुवन केसीलाई देख्दा ठूलै उपलब्धि हासिल गरे झैं लाग्थ्यो । २०४१-४२ सालतिर हास्यअभिनेता हरिवंश आचार्यसँग परिचय र एकछिन कुराकानी मात्र भयो डिल्लीबजारको ओरालोमा रहेको नेपाल स्टक एक्सचेञ्जको कार्यालय परिसरमा । हाल केही सिनेकर्मीहरूसँग हेलमेल भैरहँदा नेपालमा कलाकारहरूलाई सरकार बाट खासै प्रोत्साहन दिननसकेको कुरा बुझिन्छ ।

२०४४ सालतिरको कुरा हो म २३ वर्षको लक्का जवान थिएँ । एकदिन विश्वज्योति सिनेमा हलमा बिहानको शोको कुनै एक हिन्दी सिनेमा हेर्न हलमा प्रवेश गरें । कास्टिङ अघि खाली समयमा नेपाली गीत बजाइन्थ्यो । त्यसदिन "एकैनजरमा माया बस्यो है, लुकिछिपी हेरिदिनाले" बोलको गीत बज्यो ।

मीठो शब्द, संगीत र स्वरले सजिएको त्यो गीत मलाई खुब मन पर्‍यो । जुन गीत मैले पहिला कहिल्यै पनि सुनेकै थिइनँ । त्यसताका वरिष्ठ गायक पाण्डव सुनुवारले रेडियो नेपालबाट 'फोनइन' कार्यक्रम सञ्चालन गर्ने गर्थे । शुक्रबारको दिन फोन गरेर अनुरोध गरिएको गीत सुन्ने कार्यक्रम थियो त्यो । फोनइनको रेकर्ड अघिल्लो दिनमा हुन्थ्यो ।

पाण्डव सुनुवारसँग सम्पर्कमा आउन चिठ्ठा परे झैं हुन्थ्यो । एकदिन सौभाग्यवश मेरो पहिलो फोन लागिहाल्यो । सुनुवारसँग केहीबेरको गन्थनपछि अनुरोध अनुसार त्यही गीत बज्यो- "एकैनजरमा माया बस्यो है लुकिछिपी हेरि दिनाले...... ।" त्यो गीत पछिपछि धेरैको छनोटमा पर्‍यो । गीतलाई धेरैले फर्माइस गर्न थाले, फोनइनमै धेरै बज्यो । त्यसपछि रेडियो नेपालले नियमित रुपमा बजाइरहन थाल्यो ।

*(स्रोतः अनलाइनखबर)*

# 'पाताल लोक २' मा स्नाइपर बनेका प्रशान्तको चर्चा



काठमाडौं/यतिबेला भारत र नेपालमा एउटा हिन्दी वेब सिरिजको निकै चर्चा भइरहेको छ । त्यो सिरिज हो, 'पाताल लोक २' । चर्चित ओटीटी प्लेटफर्म प्राइम भिडियोमा १७ जनवरीबाट रिलिज भएको यो सिरिजको नेपालमा समेत चर्चा हुनुको पछाडि भने अभिनेता प्रशान्त तामाङको अभिनय एउटा मुख्य कारण हो । गायक र अभिनेताको रुपमा चिनिएका उनी यसमा महत्त्वपूर्ण भूमिकामा प्रस्तुत छन् ।

सिरिजमा प्रशान्तको भूमिका नकारात्मक छ । स्नाइपर डेनियल लीचूको भूमिका निर्वाह गरेका उनको उपस्थितिले सिरिजलाई नै नयाँ मोड दिन्छ । यसको अर्थ उनको भूमिका सिरिजमा प्रभावशाली छ । र, अभिनयमा पनि उनी सशक्त देखिएका छन् । यसैले त भारतीय मिडियामा समेत प्रशान्तको अभिनयलाई लिएर चर्चा भइरहेको छ ।

इन्डिया टिभीको अनलाइन संस्करणमा प्रशान्तले 'पाताल लोक २'मा गरेको अभिनयलाई लिएर भनिएको छ, 'यो सिरिजमा उनको अभिनयपछि उनी अब हिन्दी क्षेत्रमा पनि शक्तिशाली अभिनेताका रुपमा चर्चामा आउनेछन् ।' त्यस्तै, बलिउड मिडिया पिंकभिल्ला लेख्छ, 'एक अभिनेताको रूपमा प्रशान्तले महत्वपूर्ण छाप छाडेका छन् । सिरिजमा उनको असाधारण प्रदर्शन छ ।'

पछिल्लो पटक नेपाली फिल्म 'परदेशी २'मा देखिएका प्रशान्तले 'पाताल लोक २'बाट हिन्दी वेब सिरिजमा डेब्यु गरेका हुन् । पहिलो सिरिजमै कामको चौतर्फी प्रशंसा हुँदा उनलाई अब बलिउड प्रवेशको समेत ढोका खुलेको छ । प्रशान्तले अभिनय गरेको अर्को वेब सिरिज 'द फेमिली म्यान ३' पनि यसै वर्ष रिलिज हुँदैछ । यसमा नेपाली कलाकार सुनिल थापा पनि छन् ।

दार्जिलिङमा जन्मिएका प्रशान्त सन् २००७ मा 'इन्डियन आइडल'को विजेता बनेका थिए । २०१० मा 'गोर्खा पल्टन'बाट अभिनेताको रुपमा नेपाली फिल्ममा डेब्यु गरेका उनले यसपछि 'निशानी', 'अंगालो यो मायाको', 'किन मायामा' जस्ता फिल्ममा पनि अभिनय गरेका छन् । प्रशान्तको 'मन साइँली', 'जाउला रेलैमा', 'शिरीमा शिरी', 'अर क्यानम मन यो' लगायतका गीतहरु निकै चर्चित छन् ।

# नारीवाद सम्बन्धी दक्षिण एसियाली कला प्रदर्शनी काठमाडौंमा सुरु

काठमाडौं/दक्षिण एसियाली महिला कलाकारको नारीवाद सम्बन्धी वृहत् कला प्रदर्शनी काठमाडौंमा शनिबारदेखि सुरु भएको छ । 'फेमिनिस्ट फ्युचर : आर्ट, एक्टिभिजम एण्ड साउथ एशियन वुमनहुड' शीर्षकको प्रदर्शनीले दक्षिण एशियामा नारीवाद, कला र सक्रियताका जटिल पक्ष उजागर गर्ने कार्यक्रमको परिकल्पनाकार डा. अर्शिया लोखन्डवाला बताउँछिन् ।

तारागाउँ नेक्स्टको आयोजना र सराफ फाउन्डेसनको सहकार्यमा बौद्धस्थित तारागाँउ सांस्कृतिक केन्द्रमा सुरु भएको प्रदर्शनी तीन महिनासम्म अवलोकन गर्न पाइने छ । प्रदर्शनीमा दक्षिण एसियाका १० जना महिला कलाकारको सिर्जना राखिएको छ ।

प्रदर्शनीले पितृसत्तात्मक संरचना, परम्परागत सोच र लैङ्गिक राजनीति जस्ता विषय सम्बोधन गर्ने लोखन्डावालाको भनाई छ । प्रदर्शनीमा भारतका ४, नेपालका ३ र श्रीलङ्का, पाकिस्तान र बङ्गलादेशका एक-एक महिला कलाकारका सृजना राखिएका छन् ।

भारतीय कलाकार अनिता दुबे, मिथु सेन, शेबा छाच्छी र पुष्पमाला, नेपाली कलाकार अश्मिना रञ्जित, विधाता केसी र उमा विष्टसँगै श्रीलङ्काकी अनोली पेरेरा, पाकिस्तानकी नाइजा खान र बङ्गलादेशकी तायबा बेगम लिपीका सृजना प्रदर्शनीमा छन् ।

सबै कलाकारले कला मार्फत पारम्परिक लैङ्गिक भूमिकालाई



चुनौती दिँदै महिलाको स्वायत्तता र सामाजिक संरचनाको प्रभाव उजागर गर्ने प्रयास गर्नेछन् । नेपालको महिला अधिकारसँग सम्बन्धित मुद्दालाई दक्षिण एसियाली देशका महिला अधिकारका विषयसँग सम्बन्धित संघर्षसँग जोड्ने प्रयास वरूप प्रदर्शनी आयोजना गरिएको सराफ फाउन्डेशन तथा तारागाउँ नेक्स्टकी संस्थापक निर्देशक नमिता साराफले बताइन् ।

प्रदर्शनीले महिलाको सम्मानसँगै दमनकारी दक्षिण एसियाली समाजको गहिरो र जटिल संरचनाको विश्लेषण गर्ने जनाइएको छ । शिल्पकला, फोटोग्राफी, इन्स्टलेसन, भिडियो र प्रदर्शनीमार्फत कलाकारले महिलाको जीवनको कथालाई उजागर गर्ने आयोजकको भनाइ छ ।

प्रदर्शनीको पहिलो दिन शनिबार अश्मिना रञ्जितको 'सीता द आइडियल वाइफ २०२५' मञ्चन गरिएको थियो । प्रस्तुतिले ब्राम्हण पितृसत्ताले महिलालाई कसरी गाँजेर राखेको छ भन्ने सन्देश दिन खोजिएको रञ्जितको भनाई छ । उनले महिलाको अधिकार र स्वतन्त्रता खोस्ने परम्पराअनुसारको विवाहमा गरिने 'कन्यादान' प्रथाको आलोचना गरेकी थिइन् । लैङ्गिकताको कुरा बुझ्नको लागि जात व्यवस्था बारे बुझ्न आवश्यक रहेको प्रदर्शनीमा सहभागी लेखक तथा अभियन्ता सरिता परियार बताउँछिन् ।

प्रदर्शनीमा विभिन्न समकालिन मुद्दालाई अन्वेषण गर्ने सृजना समेत समावेश छन् । पुष्पमाला एनको 'अभेगा : द प्यासन २०१२' ले रामायणका महिलाका पात्रको पारम्परिक चित्रणलाई चुनौती दिँदै उनीहरूको सशक्त पक्षबारे उजागर गर्नेछ ।

तैयबा बेगम लिपीले आफ्ना सिर्जनामा विवाहको जटिलता र हिंसात्मक प्रवृत्तिलाई चित्रित गरेकी छन् । उमा विष्टले छाउपडी प्रथाको आलोचना गर्दै नेपाली महिलाका संघर्षलाई प्रस्तुत गरेकी छन् । प्रदर्शनीको टिकट शुल्क विद्यार्थीका लागि दुई सय तोकिएको छ भने अन्य अवलोकनकर्ताले ३ सय रुपैयाँ तिर्नुपर्ने छ ।

# हमासले चार बन्दी छोडेपछि इजरायलबाट २०० प्यालेस्टाइनी बन्दी मुक्त



काठमाडौं/हमासले चार जना महिला बन्दीलाई मुक्त गरेपछि इजरायलले दुई सय प्यालेस्टाइनी बन्दीहरू रिहा गरेको छ । युद्धविराम सम्झौता कार्यान्वयन हुन थालेको सातौं दिन शनिबार हमासले इजरायली सेनाका चार महिला बन्दीलाई रिहा गरेको थियो । उनीहरूलाई ७ अक्टोबर २०२३ मा हमासले आक्रमणकै दौरान कब्जामा लिएको थियो ।

लामो समय बन्दी रहेका उनीहरू मुक्त भएसँगै इजरायल पुगिसकेका छन् । बदलामा इजरायलले दुई सय प्यालेस्टाइनी बन्दी रिहा गरेको हो ।

हमासले रिहा गरेको यो दोस्रो समूह हो । यसअघि युद्धविराम सम्झौता कार्यान्वयन भएकै दिन गत आइतबार हमासले तीन महिलालाई मुक्त गरेको थियो । यसैबीच, इजरायली सरकारले आफ्ना नागरिक अर्बेल येहुदलाई रिहा नगरी हमासले युद्धविराम सम्झौताको उल्लैन गरेको आरोप लगाएको छ ।


यससँगै इजरायलले विस्थापित प्यालेस्टाइनीहरूलाई अझै उत्तरी गाजामा फर्कन अनुमति नदिने बताएको छ, जुन युद्धविराम सम्झौताअन्तर्गत निर्धारित गरिएको थियो । हमासको असन्तुष्टिलगत्तै हमासले अर्बल येहुद जीवित रहेको भन्दै अर्को साता रिहा हुने स्पष्ट पारेको छ ।

# अध्यादेशको पक्षमा एकढिक्का हुन पार्टी पंक्तिलाई देउवाको निर्देशन

काठमाडौं/नेपाली कांग्रेस अध्यादेशको पक्षमा एकढिक्का संसद्मा प्रस्तुत हुने भएको छ । सदनभित्र र बाहिर पनि अध्यादेशको पक्षमा एकढिक्का हुन कांग्रेस शीर्ष नेतृत्वले पार्टी पंक्तिलाई निर्देशन दिएको छ ।

सिंहदरबारस्थित दलको कार्यालयमा सरकारमा सहभागी आफ्ना मन्त्रीहरूसँगको छलफलको क्रममा कांग्रेस शीर्ष नेतृत्वले पार्टी सरकारले ल्याएका अध्यादेशको पक्षमा एकढिक्का रहेको सन्देश दिएको हो । संसद् छलेर एकपछि अर्को अध्यादेश ल्याएपछि कांग्रेसकै धेरै नेताले सरकारको आलोचना गरेका थिए । तर, शनिबारको बैठकले अध्यादेश वर्तमानको बाध्यात्मक आवश्यकता रहेको स्पष्ट सन्देश दिएको हो । बैठकमा सहभागी प्रमुख सचेतक श्याम घिमिरेले पार्टी सभापति शेरबहादुर देउवाले सबैलाई सरकारले ल्याएका अध्यादेशका बारेमा आसन्न संसद्भित्र र बाहिर पनि एकढिक्का भएर प्रस्तुत हुन निर्देशन दिएको जानकारी दिए ।

'सरकारले तत्काल गर्नुपर्ने सुधारको आवश्यकता महसुस गरेर केही अध्यादेश ल्याएको छ । अबको संसद् अधिवेशनमा ती अध्यादेश



माथिका छलफलमा एकढिक्का भएर प्रस्तुत हुन तथा बाहिर पनि एकढिक्का भएरै प्रस्तुत हुन पार्टी सभापतिले निर्देशन दिनुभयो,' प्रमुख सचेतक घिमिरेले भने ।

बैठकमा गृहमन्त्री रमेश लेखकले सरकारले ल्याएका अध्यादेश सहित सरकारका कामकारबाहीबारे जानकारी गराएका थिए । लामो समय आर्थिक क्षेत्र शिथिल रहेको अवस्था अन्त्य गर्दै चलायमान बनाउन तत्काल केही कानुन सुधार गर्नैपर्ने आवश्यकता रहेकाले सरकारले अध्यादेश ल्याएको गृहमन्त्रीले बैठकमा जानकारी गराएको घिमिरेले जानकारी दिए ।

प्रमुख सचेतक घिमिरेले बैठकमा संसद्मा प्रस्तुत हुने विधेयक, अध्यादेश तथा आउँदै गरेका विधेयकबारे गहन छलफल भएको बताए । उनका अनुसार छलफलमा कृषिमन्त्री रामनाथ अधिकारी र स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पनि आआफ्ना मन्त्रालयका कार्यप्रगतिबारे जानकारी गराएका थिए ।

*(स्रोतः अनलाइनखबर)*

# फिल्म प्रवर्द्धन र पुस्तक सार्वजनिक गर्न नेपाल आइपुगे राजवल्लभ

काठमाडौं/प्रदर्शन तयारीमा रहेको फिल्म 'एक्टर : टेक वन' प्रवर्द्धनको लागि अभिनेता राजवल्लभ कोइराला अमेरिकादेखि नेपाल आइपुगेका छन् । शनिबार अपरान्ह उनी काठमाडौं विमानस्थलमा अवतरण गरे ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई को-एक्टर प्रदीप खड्कासहित फिल्म निर्देशक र निर्माताले स्वागत गरे । विमानस्थलमा मिडियासँग कुरा गर्दै उनले अभिनय, नेपाली फिल्म क्षेत्रमा आएको परिवर्तन, को-एक्टरहरू र आगामी समयको बारेमा कुरा गरे ।

फिल्म स्रोतका अनुसार, झण्डै १० दिनको काठमाडौं बसाइमा कोइरालाले फिल्म प्रिमियर, प्रवर्द्धन गतिविधि र आफूद्वारा लिखित कविता संग्रह पुस्तक 'औरा'को विमोचन समारोहमा भाग लिनेछन् । फिल्मले सोमबार बेलुका क्यूएफएक्सको राधे राधे हलमा प्रिमियर गर्दैछ । लामो समयपछि यो फिल्मबाट अभिनयमा पुनरागमन गरेका कोइरालाको यसमा शीर्षमध्येको भूमिका छ । 'पर्खि बसेँ'बाट फिल्ममा डेब्यु गरेका कोइरालाको पछिल्लो रिलिज फिल्म 'हे युवा' थियो जुन सन् २०१५ मा रिलिज भएको थियो ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# इन्द्रसरोवर गाउँपालिकाद्वारा ज्येष्ठ नागरिक सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ ईन्द्रसरोवर गाउँपालिकाले ज्येष्ठ नागरिकको सम्मान, नि:शुल्क स्वास्थ्य परीक्षण र खाजा कार्यक्रम गरेको छ । कार्यक्रम ११ माघदेखि १५ गतेसम्म सञ्चालन हुने भएको छ । यसअन्तर्गत पहिलो ११ माघमा पालिकाको ४ नम्बर वडामा कार्यक्रम गरेको हो ।

कार्यक्रममा ६८ वर्ष माथिका जेष्ठ नागरिक, ६० वर्ष माथिका एकल महिला, ६० वर्ष माथिका दलित जेष्ठ नागरिक, 'क' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त व्यक्ति तथा सरकारी सेवाबाट निवृत्त भई नियमित पेन्सन लिने ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई मायाको चिनो वितरण गरिएको छ । ४ नम्बर वडाध्यक्ष चन्द्रकुमार बलको सभाध्यक्षातामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष उमाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा कार्यपालिका सदस्यहरु, योजन अधिकृत दीपक चापागाई, वडासदस्यहरू तथा अन्य विशिष्ट व्यक्तिको उपस्थिति रहेको थियो । कार्यक्रमले ज्येष्ठ नागरिक प्रतिको सम्मान र सेवा अभिवृद्धिमा योगदान पुर्‍याउने विश्वास लिइएको छ । अन्य वडामा पनि क्रमश: कार्यक्रम सञ्चालन हुने जनाइएको छ ।

# पाथिभरामा केबलकारको विरोध गर्नेमाथि प्रहरीले चलायो गोली, दुई गम्भीर घाइते



विराटनगर, १२ माघ/ ताप्लेजुङको फुङलिङ नगरपालिका-११ पाथिभरा क्षेत्रमा केबलकार निर्माणको विरोधमा उत्रिएको 'नो केबलकार समूह'माथि प्रहरीले गोली चलाएको छ ।

शनिबार बेलुकी प्रहरीले चलाएको गोली लागेर दुईजना गम्भीर घाइते भएका छन् । गोली लागेर यमबहादुर लिम्बू र धर्मान पालुङ्वा घाइते भएका हुन् । दुवै घाइतेको ताप्लेजुङस्थित जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले गोली लागेका एकजनालाई केही अघि र अर्का एकको भर्खरै अस्पताल ल्याइएको जानकारी दिए । उनका अनुसार पाथिभरा क्षेत्रको बलुडाडा आसपास सुरक्षाकर्मी र केबलकार विरोधी पक्षाबीच झडप हुँदा प्रहरीले गोली चलाएको हो ।

'उनीहरू माथि थिए, माथिबाट गुलेली र ढुंगा प्रहार भएपछि सुरक्षाकर्मीबाट फायरिङ भएको हो,' सीडीओ शर्माले भने, 'दुई जना घाइते छन् ।' शर्माका अनुसार घटना बेलुका करिब ६ बजेको हो ।

त्यसक्षेत्रमा आज दिनभर नै झडप भइरहेको थियो । त्यसक्रममा पहिचान पक्षधर सुमन लावती घाइते भएका थिए । ताप्लेजुङमा पाथीभरा जाने केबलकार निर्माणका लागि निर्माण कम्पनीले मंगलबारबाट काम सुरु गरेपछि तनावको अवस्था उत्पन्न भएको हो । पहिचान पक्षधरले केबलकार निर्माण गर्दा पाथिभरा क्षेत्रको पहिचान मासिने भन्दै 'नो केबलकार आन्दोलन' चलाइरहेका छन् । उनीहरूले आइतबारबाट थप आन्दोलन गर्ने तयारी गरेको थिए ।

आइतबारबाट आन्दोलनका लागि भन्दै पहिचान पक्षधरहरू बलुडाँडामा भेला भएका थिए । यो क्षेत्र पहिचान पक्षधरले सेल्टरको रूपमा प्रयोग गर्दै आएका छन् ।

प्रहरी टोली पहिचान पक्षधरलाई तितरबितर पार्न आज दिउँसो सो क्षेत्रमा पुगेको थियो । त्यसक्रममा आन्दोलनका लागि तयारी अवस्थामा राखेका केही सामग्री पनि प्रहरीले खोसेको थियो । बेलुका फेरि प्रहरी पुगेपछि आन्दोलनरत पक्षले माथिबाट रोक्न खोजेका थिए । त्यसपछि प्रहरीले गोली चलाएको हो ।

शान्तिपूर्ण आन्दोलनको तयारी गर्दा राज्यले मान्छे ताकेर गोली प्रहार गरेको किराँत याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापोले बताइन् । 'आइतबार बाट हाम्रो शान्तिपूर्ण विरोधको कार्यक्रम थियो, विरोधका लागि साथीहरू पुगेका ठाउँमा राज्यले बल प्रयोग गरेको छ,' उनले भनिन्,' हाम्रा दुईजना साथीहरु गोली लागेर गम्भीर हुनुहुन्छ ।'

# समर्थन मूल्यभन्दा बढीमा किसानले व्यापारीलाई बेचे धान

झापा, १२ माघ/यस वर्ष झापाका धान उत्पादक किसानले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यभन्दा बढी मूल्यमा धान बिक्री गरेका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय बिर्तामोडले किसानको धान खरिद गर्न गत मंसिरमा न्यूनतम समर्थन मूल्य तोकेको थियो ।

'यस वर्ष ५० हजार क्विन्टल धान किसानबाट खरिद गर्ने तयारी थियो, किसानले धान बिक्री नै गरेनन्,', कार्यालय प्रमुख चुलमाया लोवाले भने, 'किसानले सरकारले तोकेकोभन्दा बढी मूल्य बजारमै पाएपछि उतै बिक्री गरे, किसानलाई फाइदा नै भयो ।'

कम्पनीले गत मंसिरमा धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ५८० दशमलव ६२ तोकेको थियो, जुन तत्कालीन बजार मूल्यभन्दा बढी रहेको प्रमुख लोवाले बताए । सरकारले धानको न्यूनतम समर्थन मूल्य तोक्दा यस वर्ष



रञ्जित मन्सुली धान प्रतिक्विन्टल चार हजारसम्ममा बिक्री गरेको अर्जुनधारा नगरपालिका-४ का किसान पहलमान खड्काले जानकारी दिए ।

गत वर्ष तीन हजारदेखि तीन हजार २०० सम्म बिक्री गरेका खड्काले आर्थिक रूपमा राहत पाएकामा खुसी व्यक्त गरे । बाह्रदशी गाउँपालिकाका स्थानीय कृषक एवं व्यापारी मानप्रकाश संग्रौलाका अनुसार किसानको खेतबाटै धान खरिद बिक्री भइरहेको छ । चार हजारदेखि चार हजार २०० प्रतिक्विन्टलसम्म रञ्जित मन्सुली धान खरिद बिक्री भइरहेको उनले बताए ।

खेतबाटै धान बिक्री भएपछि धान उत्पादक किसानलाई निकै फाइदा पुगेको कृषक संग्रौलाको भनाइ छ । कृषि ज्ञान केन्द्र झापाका अनुसार जिल्लामा यस वर्ष तीन लाख ८५ हजार १९६ दशमलव पाँच मेट्रिक टन धान उत्पादन भएको छ ।

# ३ नम्बर वडालाई आज बालमैत्री घोषणा गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/हेटौंडा उपमहानगरपालिकाको ३ नम्बर वडालाई आज आइतबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । घोषणाको सबै तयारी पूरा भएको वडा कार्यालयले जनाएको छ ।

हेटौंडा-३ ले निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको वड आध्यक्ष ढलकबहादुर थापाले जानकारी दिए । स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमध्ये केही सूचक पूरा भइसकेको थापाले बताए ।

यस वडामा कुल बालबालिका १ हजार ४ सय ९८ जना छन् । जसमा ७९३ बालक र ७०५ बालिका रहेका छन् । वडामा सामुदायिक र संस्थागत तथा बालविकास केन्द्रसहित ५ वटा विद्यालय संचालनमा छन् । यसैगरी, १२ वटा बाल समूह र एउटा बालसञ्जाल रहेको छ । जसमा ३०० जना बालबालिका आबद्ध छन् ।

नेपाल सरकारले २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने लक्ष्य लिएकोमा हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री बनाउने अभियानअन्तर्गत धमाधम वडाहरु बालमैत्री घोषणा गरिएको छ । अब हेटौंडाको ३ नम्बर वडा बाहेक १४ र १५ नम्बर वडा बालमैत्री घोषणा हुन बाँकी छ ।

# बुद्ध्यौली साहित्य समाज बाराद्वारा नियात्रा कृति बिमोचन



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ बुद्ध्यौली साहित्य समाज बारा तथा सिमरा साहित्य समाजको संयुक्त आयोजनामा शनिबार एक समारोह बीच रामप्रसाद अधिकारीको दोस्रो नियात्रा कृति 'उड्दै, गुड्दै, घिस्रँदै' को विमोचन भएको छ । कृतिको विमोचन प्रमुखअतिथि नियात्राकार चन्द्रप्रसाद भट्टराई, सांसद् देवनारायण चौधरी, उपमेयर भोला अधिकारी तथा नियात्राकार रमेशमोहन अधिकारीले संयुक्तरुपमा गरेका थिए ।

कार्यक्रममा युमी आचार्य, रमनिशा बराल, राजश्री बराल, अंशु अधिकारी, प्रज्ज्वल श्रेष्ठ तथा सेविका मगरलगायत विद्यार्थीले बुद्ध्यौली सम्बन्धी आआफ्ना कवितावाचन गरेका थिए । अतिथि कविमध्ये राजकुमार लामिछाने, रामप्रसाद आचार्य, जनार्दन खनालले तथा आयोजकमध्ये अप्सरा पुडासैनी, इसहाक हुसैन, मोहनप्रसाद पोखरेल, प्रीतम वास्तोला, रामप्रसाद पोखरेल, रवीन्द्र खकुरेल आदिले कवितावाचन गरेका थिए ।

विमोचित पुस्तकका बारेमा समीक्षक नारायणदत्त पौडेलले टिप्पणी गरेका थिए भने विनयराज गौतमले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सभाध्यक्षता नियात्राकार रामप्रसाद अधिकारीले गरेका थिए । कार्यक्रम लोटस एकेडेमीको सभाकक्षमा भएको थियो ।

# शान्तिटोल विकासले सप्ताह ज्ञानमहायज्ञ आयोजना गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/ हेटौंडा उपमहानगरपालिका-६ शान्तिटोलमा रहेको शान्तिटोल विकास संस्थाले श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञको आयोजना गर्ने भएको छ ।

राधाकृष्ण मन्दिर र ज्येष्ठ नागरिक भवन निर्माण गर्ने उद्देश्यले सप्ताह ज्ञानमहायज्ञको आयोजना गर्न लागेको हो । संस्थाको कार्यालयमा शनिवार भएको टोलबासीको भेलाले आगामी फागुन ७ गतेदेखि शान्तिटोलमा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ सञ्चालन गर्ने निर्णय गरेको हो ।

भेलाले संस्थाका अध्यक्ष केशव धितालको संयोजकत्वमा १ सय १७ सदस्यीय मुलआयोजक समिति गठन गरेको छ । भेलाले रुपेश दुलालको संयोजकत्वमा प्रचारप्रसार उपसमिति र पूर्णभद्र चौलागाईको संयोजकत्वमा आर्थिक उपसमिति गठन गरिएको संस्था सचिव प्रदीप ढुंगानाले बताए ।

हेटौंडा उपमहानगरपालिका
११ नं. वडा कार्यालयको

सूचना ! सूचना ! सूचना !

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पुरा भएको हुनुपर्ने ब्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको ब्यवस्था बमोजिम बिवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष नपुगी विवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने कानूनी ब्यवस्था रहेको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

जुना दाहाल (वडा अध्यक्ष) तथा
११ नं. वडा कार्यालय, परिवार

# न्युरेनी चिसापानी सामुदायिक वनको साधारणसभा



साझाकुरा संवाददाता

हेटौडा, १२ माघ/हेटौंडा उपमहानगरपालिका-७, स्थित न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूहको ३४ औ वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्य र वन समूहका अध्यक्ष प्रकाश कार्कीको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । साधारणसभामा अध्यक्ष प्रकाश कार्कीले प्रगति प्रतिवेदन र कोषाध्यक्ष सरिता नेगीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभाको अबसरमा जेष्ठ नागरिक सम्मानबाट चित्रकुमारी आचार्य र फौद्यसिंह कार्की, मरणोपरान्त सम्मानबाट स्वर्गीय भगवतप्रसाद पौडेल, अर्जुनबहादुर बोगटीलाई सम्मान प्रदान गरिएको छ ।

डिभिजन वन कार्यालय सम्मानबाट सवडिभिजन वन कार्यालय मकवानपुरका वनरक्षक राजेश शाह, डढेलो नियन्त्रणमा भूमिका निर्वाह गर्ने नवराज पौडेल, हेमलाल अर्याल, गोमा पाखिन, कृष्णप्रसाद खतिवडालाई प्रशंसापत्रले सम्मान गरिएको थियो । वन व्यवस्थापनमा चेतनाथ गौतम, अर्जुनहरि अधिकारीसहित निवर्तमान कार्यसमितिलाई पनि सम्मानपत्र प्रदान गरिएको थियो । वन समूहको गतिविधिलाई प्रचारप्रसारमा सहयोग पुर्‍याएको भन्दै सञ्चारकर्मी सुनिल शिवाकोटीलाई सम्मान गरिएको छ ।

साधारणसभामा फेकोफन केन्द्रीय सदस्य खडानन्द चौलागाई, जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष श्यामप्रसाद भट्टराई, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, फेकोफन मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, डिभिजन वन कार्यालय मकवानपुरका वनअधिकृत बसन्तराज गौतम, सवडिभिजन वन कार्यालय रातोमाटे हेटौंडाकी प्रमुख सविना रिजालगायतले मन्तव्य व्यक्त गरेका थिए । ७१ दशमलव १२ हेक्टर क्षेत्रफलमा फैलिएको वन समूहमा २७७ घरधुरी आबद्ध छन् ।

# पत्रकारिता क्षेत्रको सुदृढीकरण आवश्यक: अध्यक्ष शर्मा



साझाकुरा संवाददाता

हेटौंडा, १२ माघ/नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष निर्मला शर्माले पत्रकारिता क्षेत्रको सुदृढीकरण अहिलेको आवश्यकता रहेको बताएकी छन् ।

शनिवार पत्रकार महासंघ मकवानपुरको सभाहलमा आयोजित नियमित कार्यसमिति बैठकलाई सम्बोधन गर्दै अध्यक्ष शर्माले पत्रकारिता क्षेत्रमा युवापुस्ताको आकर्षणसँगै चुनौती पनि थपिएको बताइन् । अध्यक्ष शर्माले सामाजिक सञ्जाल र न्यु मिडियाको आगमनसँगै पत्रकारिताको प्रकाशन तथा प्रसारणका सामग्री कमजोर बनेको बताइन् ।

कन्टेन्ट परिमार्जन गरी आमपाठक तथा दर्शकको आवश्यकता अनुसारको व्यावसायिक पत्रकारिताको आवश्यकता रहेको उनको भनाई छ । नागरिकमा पत्रकारिता र सामाजिक सञ्जालको फरकपन बुझाउन जरुरी रहेको भन्दै उनले नागरिकमा सामाजिक सञ्जालमा लेखेका कुरा र समाचारमा आएका विषयलाई एउटैरुपमा लिँदा थप समस्या भएको बताइन् ।

शर्माका अनुसार महासंघले पत्रकारको समस्या, हकहित, सेवासुविधा लगायत विषयमा बहस गर्नेगरी कार्ययोजना निर्माणको तयारी गरेको र सञ्चार प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्ने गरी छलफल अघि बढाइएको छ । मकवानपुर शाखा अध्यक्ष बालकृष्ण अधिकारीले केन्द्रीय अध्यक्ष शर्मालाई महासंघमा स्वागत गरेका थिए ।

लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना